ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# वैदिक र लौकिक वाङ्मयमा भाषिक चिन्तन

शारदा पाण्डे
sharadapandey2020@gmail.com
नेपाल पुलिस स्कुल, सुर्खेत

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेख वैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तनको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । मानव समाजको अस्तित्वदेखि नै भाषाको प्रयोग भएता पनि भाषाका विषयमा धेरैपछि मात्र आएर मात्र चिन्तनमनन हुन थालेको पाइन्छ । पूर्वीय भाषिक चिन्तन परम्पराको सुरुवात वैदिक कालबाटै नै भएको देखिन्छ । वैदिक भाषिक चिन्तन परम्पराको चर्चा गर्दा वेदाङ्गहरूको उल्लेखनीय भूमिका रहेको पाइन्छ । पूर्वीय संस्कृत वाङ्मय परम्परामा लौकिक काल भनेर रामायणको रचनाकालभन्दा पछिको समयलाई मानिन्छ । लौकिक युगमा भाषा व्याकरणका अतिरिक्त दर्शन, न्याय, मीमांसा, साहित्यशास्त्र क्षेत्रमा भाषिक चिन्तनमनन भएको पाइन्छ । वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई तयार पारिएको यो आलेखमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय सामग्रीको उपयोग गरिएको छ । विविध सन्दर्भका आधारमा वैदिक र लौकिक भाषिक चिन्तनका प्रभाव आधुनिक समयसम्म पनि उच्च रहेको निष्कर्ष निकालिएको छ ।*

**प्रमुख शब्दावली :** वैदिक, लौकिक, निरुक्त, प्रातिशाख्य, निघण्टु, स्फोटवाद, आरण्यक ।

## परिचय

विश्वमा पूर्वीय परम्परा ज्ञानको स्रोत वा भण्डार हो । भाषा लगायत कला, संस्कृति, साहित्य, दर्शन आदिको बारेमा पूर्वीय दर्शनका वैदिक र लौकिक काल अन्तर्गत गहिरो चिन्तन र विश्लेषण गरेको पाइन्छ । मानव समाजको अस्तित्व देखि नै भाषाको प्रयोग भएता पनि भाषाका विषयमा धेरैपछि मात्र आएर मात्र चिनतनमनन हुन थाल्यो । संस्कृत तथा ग्रीक ल्याटिन भाषाका वाङ्मयमा उपलब्ध भाषिक चिन्तनका प्राचिनतम ग्रन्थहरू आफ्ना समयका महत्वपूर्ण सिद्धान्तका साथै भाषिक विश्लेषणका विधिका रुपमा थिए । भाषिक सिद्धान्त र व्याकरणको ऐतिहासिक विकासक्रमलाई हेर्दा संस्कृतको भाषिक चिन्तन ई.पू. १५०० तिरदेखि निरन्तर विकसित भइरहेको देखिन्छ (बन्धु, २०६४, पृ. ९) । पूर्वमा मानव जीवन, प्रकृति र ईश्वरका विषयमा चिन्तनको आरम्भ वैदिक कालबाट भएको पाइन्छ । तयस्तै पूर्वीय संस्कृति, साहित्य, कला, भाषा र दर्शनको पृष्ठभूमि पनि ऋग्वेदलाई मानिएको छ । यसरी पूर्वमा भाषा सम्बन्धी विभिन्न चिन्तनहरूको विकास ऋग्वेद देखि नै प्रारम्भ भए तापनि यसलाई अगाडि बढाउने काम विभिन्न व्याकरण सम्प्रदाय र दार्शनिक सम्प्रदायबाट भएको पाइन्छ । प्राग्वैदिक युगदेखि नै आरम्भ भएका यस

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

परम्पराले वैदिक, शास्त्रीय संस्कृत हुँदै पाणिनिकालमा आइपुगेपछि स्थिरता प्राप्त गरेको मानिएको हुँदा भाषिक चिन्तनका विकासक्रमलाई वैदिक, शास्त्रीय संस्कृतमा भाषिक चिन्तन युग र पाणिनिय व्याकरण सम्प्रदाय युग गरी दुई चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०६७, पृ.१) । वर्तमान सर्न्दभमा समेत परम्परागत व्याकरणको महत्वपूर्ण भुमिका रहेकाले आधुनिक भाषा वैज्ञानिक सन्दर्भमा समेत यसको उल्लेख्य स्थान रहेको छ । यसर्थ यस अध्ययनमा वैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तनको अध्ययन सान्दर्भिक देखिन्छ ।

पूर्वीय भाषिक चिन्तन परम्पराको सुरुवात वैदिक कालबाटै नै भएको देखिन्छ । 'वैदिक अ ऋक्प्रातिशाख्यदेखि लिएर समस्त वैदिक वाङ्मय नै भाषाको परिभाषा गर्नमा प्रस्तुत छ' (प्रपन्नाचार्य, २०६०, पृ.२३) यो भन्ने कुराले भाषिक चिन्तन परम्परालाई पुष्टि गर्दछ । सबैभन्दा पुरानो वेद ऋग्वेद मानिन्छ र यसमै 'चत्वारी वाक' का बारेमा उल्लेख गरिएको छ । यसकारण पूर्वमा भाषाका बारेमा चिन्तन मनन गर्ने कार्य वेदबाटै सुरु भयो । त्यसपछि उत्तरवैदिक युग, लौकिक युग हुँदै उत्तरवर्ती प्राकृत, अपभ्रंश भाषामा भाषिक चिन्तनमनन हुँदै आजसम्मको परम्परा विकसित भएको देखिन्छ । वर्तमान सन्दर्भमा समेत परम्परागत व्याकरणको महत्वपूर्ण भुमिका रहेकाले आधुनिक भाषा वैज्ञानिक सन्दर्भमा समेत यसको उल्लेख्य स्थान रहेको छ । यसर्थ यस अध्ययनमा वैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तनको अध्ययन सान्दर्भिक देखिन्छ । प्रस्तुत अध्ययनपत्र नेपाल खुला विश्वविद्यालय शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा एम.फिल. तह दोस्रो सेमेष्टरको पाठ्यांश नेपाली भााषा शिक्षणका दार्शनिक आधारहरू विषयको आन्तरिक मूल्याङ्कनको प्रयोजनमा तयार पारिएको छ ।

भाषाको प्रयोग र अस्तित्व मानव समाजको विकाससँगै जोडिए पनि यस विषयमा चिन्तन मनन धेरै वर्षपछि भएको देखिन्छ । भाषिक वाङ्मयमा उपलब्ध भाषिक चिन्तनसँग जोडिएका प्राचीन मुल्य नै यस समयका महत्वपूर्ण सामग्री मानिन्छन् । त्यस बेलाका वैदिक सँहिताहरू आरण्यक र उपनिषदहरूमा वैदिक भाषाहरूको अध्ययन गर्न पाईन्छ । वेदहरूका अङ्ग मानिएका शिक्षा, कल्प, ज्योतिष, निरुक्त, छन्द र व्याकरणले पनि वौदिक व्यङग्यको व्याख्या र वर्णन गरेको पाईन्छ । वैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तनमा संस्कृत भाषाको उत्पत्ति र बिकासका भाषालाई विस्तार गर्ने कुरामा यिनीहरूको भुमिका अहम रहेको पाइन्छ । यसरी भाषाका बारेमा गहन चिन्तनमनन वैदिक र लौकिक कालमा भएता पनि यसको अध्ययन अध्यापन भने अलि कठिन ढङ्गले गरेको पाइन्छ तसर्थ प्रस्तुत अध्ययनले यस विषयलाई तुलनात्मक रुपमा अध्ययन गरी जतिसक्दो सरल र सहज तरिकाले बुझाउने प्रयास गरिएको छ । वैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तन परम्पराको तुलनात्मक अध्ययका थुप्रै समस्या भए तापनि विशेष गरी यो अध्ययन निम्न समस्या पूर्वीय दर्शन अन्तर्गत वैदिक वाङ्मय र लौकिक वाङ्मयमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

भाषिक चिन्तन के कस्तो छ ? वैदिक वाङ्मय र लौकिक वाङ्मयमा उल्लेखित भाषिक चिन्तन परम्परा के कस्ता समानता र भिन्नता रहेका छन् ?

## उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू पूर्वीय दर्शन अन्तर्गत वैदिक वाङ्मय र लौकिक वाङ्मयमा उल्लेखित भाषिक चिन्तन परम्पराको अध्ययन गर्नु र वैदिक वाङ्मय र लौकिक वाङ्मयमा उल्लेखित भाषिक चिन्तन परम्पराको समानता र भिन्नताका आधारमा तुलना गर्नु ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेखको ढाँचा गुणात्मक रहेको छ । वर्णनात्मक तथा विश्लेषणात्मक विधि अपनाई तयार पारिएको प्रस्तुत अध्ययनको सामग्री सङ्कलन गर्दा पुस्तकालयीय सामग्रीको उपयोग गरिएको छ । वैदिक परम्परा अन्तर्गत भाषिक चिन्तनको वेद काल, ब्राहमण काल, आरण्यक काल, उपनिषद काल, वेदाङ्ग कालका अनुसार सामान्य चर्चा गर्नमा सीमित गरिएको छ । लौकिक परम्परा अन्तर्गत भाषिक चिन्तनको पूर्व पाणिनि युग, पाणिनि युग र उत्तर पाणिनी युग अनुसार सामान्य चर्चा गर्नमा सीमित गरिएको छ । समानता र भिन्नताका आधारमा वैदिक वाङ्मय र लौकिक वाङ्मयमा उल्लेखित भाषिक चिन्तन परम्पराको तुलना गर्नु ।

## व्याख्या र विश्लेषण

### वैदिक कालमा भाषिक चिन्तन परम्परा

पूर्वीय दर्शनमा मानवीय जीवन, प्रकृति र ईश्वरका विषयमा चिन्तनको आरम्भ वैदिक कालका वाङ्मयबाट भएको हो । पूर्वीय सभ्यताको जननी भारवर्षको प्राचीन भाषा नै ‘संस्कृत’ हो । अन्य शास्त्र तथा विज्ञान जस्तै पूर्वमा भाषाको अध्ययन पनि प्राचीन कालदेखि नै भएको पाइन्छ । संस्कृत भाषाको अध्ययनका बीजहरू प्राचीन वैदिक ग्रन्थहरूमा नै फेला पार्न सकिन्छ । पछि मात्र लौकिक संस्कृतमा भाषिक चिन्तनको क्रम सुरु भएको पाइन्छ । पूर्वीय भाषिक चिन्तनको ऐतिहासिक विकासक्रमलाई नियाल्दा प्रागवैदिक युग पनि छुटाउनु हुँदैन । इन्द्रको प्रकृति र प्रत्ययको कल्पना, अर्थात भाषालाई अर्थपूर्ण खण्डमा टुक्राउने, महेश्वरको अइउण आदि सूत्र यस सन्दर्भमा स्मरणीय छन् । यी कुराहरूलाई हेर्दा इन्द्र प्रथम वैयाकण फेला पर्छन भने महेश्वर संसारकै प्रथम ध्वनिशास्त्री देखिन्छन् । यसरी भाषा संस्कृत परम्परामा वेदिक र शास्त्रीय भाषा चिन्तन निकै व्यापक अनि सुदीर्घ रहेको कुरा स्पष्ट देख्न सकिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**ब्राह्मण कालमा भाषिक चिन्तन**

ब्राह्मण ग्रन्थहरू उत्तरवैदिक कालका वैदिक साहित्य हुन् । संहितापछि वैदिक सहित्यमा समयक्रमले ब्राह्मण ग्रन्थहरू देखा पर्दछन् । ब्राह्मण ग्रन्थको प्रधान विषय यज्ञको प्रतिपादन र त्यसका विधिहरूको व्याख्या गर्नु हो । वेदमा निहित कर्मकाण्ड विषयक विधि- विधानको व्याख्या गरिएको हुनाले यी ब्राह्मण ग्रन्थलाई वेदकै कर्मकाण्डसम्बन्धी भाष्य टीका) भने समेत परिचय दिइन्छ तथापि केही ब्राह्मणग्रन्थहरूमा भाषिक चर्चा पनि पाइन्छ ।

**आरण्यक कालमा भाषिक चिन्तन**

वैदिक कालमा ब्राह्मण ग्रन्थपछि आरण्यक ग्रन्थहरू देखापरेका छन् । अरण्य (वन) मा पढिने र मनन गरिने हुनाले यी ग्रन्थहरूको नाम आरण्यक राखेको बताइन्छ । मन्त्र संहिता र ब्राह्मण ग्रन्थजस्तै आरण्यक ग्रन्थको संख्या पनि ११३० थियो । यी मध्ये केही मात्र उपलब्ध छन् । अहिले आठवटा मात्र पाइन्छन् । भाषासम्बन्धी चर्चा वैदिक साहित्यमा ऋग्वेदसँग सम्बद्ध दुई आरण्यक दुई छन् : ऐतेरेय र शाङ्खायन कौषीतकि) आरण्यक । ऐतेरेय आरण्यक ऐतेरेय ब्राह्मणको परिशिष्ट भाग यसअन्तर्गत पाँच आरण्यक छन् । तेस्रो भेदमा संहिता, पद, क्रमपाठ, स्वर, व्यञ्जन आदिको चर्चा छ ।

**उपनिषद् कालमा भाषिक चिन्तन**

उपनिषद् कालमा भाषिक चिन्तन उपनिषद्हरू उत्तरवैदिक युगका अन्तिम रचना मानिन्छन् । वैदिक वाङ्मयमा उपनिषद्का आगमनले नयाँ चिन्तनको युग सूत्रपात गरेको प्रतीत हुन्छ । वास्तवमा ब्राह्मण ग्रन्थदेखि लिएर उपनिषद् ग्रन्थसम्म समग्रमा समस्त कृतिहरू वैदिक मन्त्र संहिताकै व्याख्याका रूपमा देखापरेका हुन् । ब्राह्मण र आरण्यक ग्रन्थपछि उपनिषद्हरूको निर्माण भएको बुझिन्छ । सम्पूर्ण अनर्थलाई पैदा गर्ने सांसारिक क्रियाकलापलाई उपनिषद्ले नाश गर्दछ, संसारको कारण स्वरूप अविद्यालाई शिथिल तुल्याउँछ र ब्रह्मज्ञान प्राप्त गराउँछ । अर्कातर्फ "उप समीपे निषीदति इति उपनिषद्" भन्ने व्युत्पत्तिअनुसार ज्ञान प्राप्तिका लागि गुरुका नजिक रहनु अथवा परब्रह्मका नजिक हुनु भन्ने पनि उपनिषद्को अर्थ रहेको बुझिन्छ । उपनिषदहरू वैदिककालमा अन्तमा रचिएका हुनाले 'वेदान्त' दर्शनका प्रमुख ग्रन्थका रूपमा मानिएका छन् । वैदिक संहितामा यत्रतत्र छरिएका दार्शनिक विचारहरू उपनिषद्कालमा चरमोत्कर्षमा पुगेको पाइन्छ । उपनिषद्को संख्या निकै छ । उपनिषद्वाक्य, महाकोशमा २२३ (दुईसय तेइस) उपनिषद् ग्रन्थहरूको नामावली पाइन्छ । यी मध्ये उपनिषद्बारे वर्णन गरिएको सर्वाधिक प्रामाणिक कृति मुक्तिकोपनिषद् हो । यसमा १०८ (एकसय आठ) उपनिषद्हरूको चर्चा छ । तिनमा ऋग्वेदसँग सम्बद्ध १० (दश), शुक्ल, यजुवर्देका १९ (उन्नाइस), कृष्ण यजुवर्देका ३२ (बत्तीस), सामवेदका १६ (सोह्र), अथर्ववेदका ३१ (एकतीस) उपनिषद्हरूको. वर्णन पाइन्छ । यीमध्ये पनि धेरै

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

चर्चामा आएका प्रमुख उपनिषद्हरू निम्नलिखित १२ (बाह्र) छन् : ईशावास्योपनिषद् तैत्तिरीयोपनिषद् केनोपनिषद् ऐतरेयोपनिषद् कठोपनिषद् छान्दोग्योपनिषद् प्रश्नोपनिषद् बृहदारण्यकोपनिषद् मुण्डमोपनिषद्

**वेदाङ्ग कालमा भाषिक चिन्तन**

संस्कृत परम्परामा वेदलाई राम्ररी अध्ययन गर्न, वेदको अर्थ गर्न र उचित ठाउँमा मन्त्रहरूको प्रयोग गर्नका लागि वेदाङ्गको व्यवस्था गरिएको पाइन्छ मुण्डकोपनिषद् १/५ मा यस्तो उल्लेख पाइन्छ : वेदाङ्गअन्तर्गत शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषद पर्दछन् । यसलाई यसरी व्याख्या गरिएको पाइन्छ : वेदका पाउ छन्द हुन्, हात कल्प हुन्, ज्योतिष आँखा हो, निरुत्त ्लाई कान मानिन्छ, शिक्षा भनेको नाक हो र व्याकरणलाई मन मानिन्छ । त्यसैले अङ्गसहित वेदपाठ गरिया भने ब्रह्मलोकमा समेत पूजित हुन्छ । वेदको रक्षा तथा यसका तात्विक अध्ययनका लागि शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष ६ प्रकारका वेदाङ्गको व्यवस्था गरिएकामा शिक्षा, व्याकरण, निरुक्त, र छन्दको भाषाशास्त्रसँग साक्षात् सम्बन्ध देखिन्छ । शिक्षालाई ध्वनिविज्ञान मानिएको छ । यसमा उच्चारणसम्बन्धी नियमहरूको मात्र चर्चा पाइन्छ । व्याकरणमा पदविज्ञान र वाक्यविज्ञानको समन्वय हुन्छ । निरुक्तमा शब्दको निर्वचन वा व्युत्पत्ति हुन्छ । छन्दमा छन्दको पाद (पाउ)- व्यवस्था र प्रत्येक पाउमा वर्ण र मात्राहरूका निर्धारित संख्या वर्णन गरिएको छ । यसरी वेदाङ्गका चारवटै अङ्गहरूमा भाषिक चिन्तन पाइन्छ ।

**प्रातिशाख्य र शिक्षामा भाषिक चिन्तन**

समयका परिवर्तनसँगै वैदिक भाषामा पनि परिवर्तन हुनु स्वाभाविक थियो । यसले यज्ञयगादि धार्मिक प्रयोजनका कर्ममा वेदका मन्त्रहरूको शुद्ध उच्चारण हुन सकेन । कारण वैदिक मन्त्रहरूको शुद्ध उच्चारण र अर्थनियामकत्वका लागि स्वर, व्यञ्जन, वर्णोच्चारणसम्बन्धी नियमको शिक्षण आवश्यक परेकाले वेदाङ्गका रूपमा प्रतिशत शिक्षाग्रन्थहरू लेखिएका देखिन्छन् । शिक्षाग्रन्थहरू भन्दा प्रतिशाख्यलाई पुरानो मानिन्छ । उपलब्ध जानकारी अनुसार अहिलेसम्म पाइने ध्वनिविज्ञानको सबभन्दा पुरानो ग्रन्थ ऋग्वेद प्रातिशाख्य हो । प्रातिशाख्य र शिक्षाग्रन्थ दुवैमा ध्वनिसम्बन्धी विस्तृत चर्चा पाइन्छ । यी दुईमा भिन्नता पनि छ । प्रातिशाख्य नामअनुसार कुनै एउटा वेदका शाखासँग सम्बन्धित हुन्छ । यसले त्यसका भाषिक उच्चारण प्रक्रियाको अध्ययन गर्दछ भने शिक्षाग्रन्थले चाहिँ सामान्य उच्चारण प्रक्रिया वा वेदविशिष्ट ध्वनिको अध्ययन गर्दछ । शिक्षाको अर्थ हुन्छ : स्वर र व्यञ्जन आदिको उच्चारणमा सम्बन्धी शिक्षा (ज्ञान) । सायणले ऋग्वेद

भाष्यभूमिकामा शिक्षाको लक्षण यस्तो बताएका छन् : वर्ण, स्वर आदिको उच्चारणसम्बन्धी ज्ञान जसले दिन्छ त्यही शिक्षा हो । सामान्यतया प्रातिशाख्यलाई वैदिक व्याकरण भन्ने गरिन्छ तर आचार्यहरू

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

सहमत छैनन् । उनीहरूका विचारमा दुवैको प्रतिपाद्य विषय भाषिक ध्वनि नै हो । यस कारण उदात्त, अनुदात्त, स्वरित एवम् ह्रस्व, दीर्घ, प्लुत आदिको उच्चारण कसरी गरिन्छ भन्ने बताउनु तै प्रातिशाख्य र शिक्षा ग्रन्थको मुख्य उद्देश्य रहेको देखिन्छ । यहाँ प्रातिशाख्यलाई पनि शिक्षाग्रन्थ भित्रै समेटिएको छ ।

**यास्क तथा उनको निरुक्त र निघन्टुमा भाषिक चिन्तन**

यास्कलाई वैदिक कालका अन्तिम भाषाचिन्तकका रूपमा लिने गरिन्छ । यिनको इ.पू. ७००० मानिन्छ । यस अवस्थामा वैदिक वाङ्मयको रक्षाका निम्ति निघण्टु र निरुक्तको परम्परा बस्नु स्वभाविकै हो । यसै परम्पराका एक विद्वान् हुन् : यास्क । यास्कका निरुक्तको आधाघर ग्रन्थ आफैँले तयार पारेको निघण्टु हो । यस निरुक्तमा नैघण्टुक, नैगम र दैवत तीन काण्ड (खण्ड) र १२ अध्याय छन् । पुरै प्रथम अध्याय र द्विती अध्यायको प्रथम पादसम्मका अंशलाई निरुक्तको भूमिका भाग वा विषय प्रवेश भन्न सकिन्छ  निरुक्तको प्रथम अध्यायसम्म भाषासम्बन्धी चिन्तन र निर्वचन सिद्धान्त त्यहाँ प्रस्तुत यास्कको निरुक्त व्युत्पत्तिविज्ञानको प्रारम्भिक ग्रन्थ हो । यसमा योत्रिक रुढ शब्दको विवेचन शास्त्रीय ढङ्गले गरिएको छ । यसरी निरुक्त चिन्तन र व्युत्पत्तिशास्त्रको एक प्रमुख ग्रन्थ देखिएको छ । त्यसमा पनि यास्क प्रथम व्युत्पत्तिशास्त्रका रूपमा स्थापित भएका छन् । त्यस्तै निघण्टु भनेको कठिन वैदिक शब्दहरूको वर्गीकृत कोश हो । निघण्टुहरू बीसवटा भएको बताइन्छ । निघण्टुमा शब्दको संग्रहमात्र हुन्छ, व्युत्पत्ति हुँदैन । केही शब्दहरू स्वतः बोध्य हुन्छन् । केही व्याकरणशास्त्रका सामान्य नियमले सिद्ध हुन सकेनन् । ती निघण्टुका विशेष शब्द व्युत्पत्ति गरिदिने ग्रन्थलाई निरुक्त भनिन्छ । यास्कका अनुसार १२ जना आचार्य निरुक्त लेखेका थिए तर यास्कको निरुक्त ग्रन्थ विशेष प्रसिद्ध छ । १) वेद काल, २) ब्राहमण काल, ३) आरण्यक काल, ४) उपनिषद काल र ५) वेदाङ्ग काल ।

**लौकिक वाङ्मयमा भाषिक चिन्तन**

पूर्वीय संस्कृत व्याकरण परम्पदामा विभिन्न व्याकरण सम्प्रदायको विकास भएको पाइन्छ । ती सम्प्रदायमा विभिन्न भाषिक तथा व्याकरण सम्प्रदायको विकास भएको पाइन्छ । ती सम्प्रदायहरू मध्ये पाणिनि सम्प्रदाय सबैभन्दा महत्वपूर्ण मानिन्छ । यसै सम्प्रदायको केन्द्रीयतामा सिङ्गो संस्कृति व्याकरण परम्परालाई पूर्वपाणिनि युग, पाणिनि युग र उत्तर पाणिनी युग गरी जम्मा ती भागमा विभाजन गरी अध्ययन गर्ने गरिएको पाइन्छ । यहाँ यी तीन युगहरूको छुट्टा छुट्टै रुपमा चर्चा गरिएको छ :

**पूर्व पाणिनी युग**

पूर्व पाणिनी युग भन्नाले वैदिक वा शास्त्रीय चिन्तन तथा यास्कसम्मको युग भन्ने बुझिन्छ । यस समयावधिमा वैदिक भाष्षा जीवित र सम्प्रदाय आउँछ । देवताहरूले स्वर्गका राजा इन्द्रलाई शब्दका अर्थहरूको बोध सहज रुपमा गराउने व्यवस्था मिलाउन आग्रह गरे । त्यसै अनुसार इन्द्रले प्रकृति र

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रत्ययको विभाजन गरी शब्दोपदेशको प्रक्रिया सुरु गरेपश्चात् व्याकरण परम्परा अगाडि बढेको भन्ने कुरा संस्कृत व्याकरणले स्वीकारेको पाइन्छ ।

पाणिनिको ‘अष्टाध्यायी’ मा पाणिनिभन्दा पूर्वका दश व्याकरणकारहरूको उल्लेख छ । जसमा आपिशालि, कश्यप, गार्ग्य, गलव, चाक्रवर्मण, भारद्वाज, शाकटायन, शाकल्य, सेनक र स्फोटायन पर्दछ । यिनीहका साथै अन्य व्याकरणकारहरूमा इन्द्र, वायु, भागु, पोष्करसादि, पुर्व यस्ता धेरै व्याकरणकारहरू भएपनि तिनीहरूको पूर्ण रुपमा सत्य तथ्य जानकारी नभएको कारणले पाणिनिलाई नै केन्द्रीय व्याकरणकारका रुपमा लिने गरिनछ । यी मध्ये व्याडि प्रमुख दार्शनिक चिन्तक हुन् उनले १ लाख लोकको व्याकणिक पुस्तक सङ्ग्रह लेखेको बुझिन्छ ।

**पाणिनि युग**

वैयाकरण ‘पाणिनि’ पाणिनि सम्प्रदायका सबैभन्दा ठूला साथै विश्वकै पनि सबैभन्दा ठूला व्याकरणकार हुन् उनी यस युगका प्रवर्तक हुन । त्रिमुनि युग -पाणिनि, कात्यायन र पतञ्जलि) लाई नै पाणिनि युग भनिन्छ । यी तीन जनाको छुट्टा छुट्टै रुपमा यहाँ चिनारी दिइएको छ :

**पाणिनि** : पाणिनि सबैभन्दा ठूला व्याकरणकार हुन् । यिनको समय विवाद हुँदा हुँदै पनि डा. वासुदेवशरणम अग्रवालले पाँचौ शताब्दीको मध्यभाग बताएका छन् (द्विवेदी, १९९८ : ४५५) । जसलाई बढी आधिकारिक मान्ने गरिन्छ । पाणिनि दाक्षीका पुत्र भएका दाक्षीपुत्र र शालातुर (हाल पाकिस्थानको लाहोर सहर) भन्ने ठाउँमा जन्मेका हुनाले उनलाई शालातुरीय पनि भन्ने गरिन्छ । वृहतकथा मञ्जरीअनुसार यिनी ‘वर्ष’ नाम गरेका आचार्यका चेला थिए । यिनलाई पढ्न लेख्न आउँदैन थियो । पनि आफू बुद्धि नभएको ठानी महादेवको तपस्या गरी उनकै आशिर्वादले प्रसिद्ध व्याकरणकार भए भन्ने कुरा उल्लेख छ । पाणिनिले ‘अष्टाध्यायी’ नाक प्रसिद्ध ग्रन्थ रचना गरेका छन् । यसको प्रत्येक अध्यायमा चार पाउ छन् र जम्मा ३९९५ सूत्र छन् । र उनका विशेषताहरू

(क) पाणिनीय सुत्रहरू आठ अध्यायमा सङ्गठित छन् । करिब चार हजार सुत्रहरूमा तत्काल प्रचलित वैदिक र लौकिक संस्कृतका शब्दहरूलाई समेटिनु पाणिनीका आश्चार्यजनक विशिष्टता हो । ती सुत्रहरूमा लघाव र सङ्क्षिप्ता पाइन्छ ।

(ख) पाणिनिको अर्को विशेषता हो - प्रत्याहारको कल्पना । जसमा चौध महेश्वर सूत्र र ती अन्तगृत ४२ प्रत्याहारको कल्पना गरेर सम्पूर्ण संस्कृत बाङ्मयको विश्लेषण वा शब्दको रुपसिद्धि गरिएको छ ।

(ग) पाणिनिका अष्टध्म्यायीका कतिपाय सूत्रहरू अर्का सूत्रसँग सम्बन्धित छन् । तिनीहरूको एक आपसमा सम्बन्ध नबुझि स्वतन्त्र अर्थ लगाउन सकिदैन । त्यसैगरी कतिपय सूत्रमा कुनै पनि पद राखिएको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

हुँदैन, यस अवस्थामा पूर्ववर्ती सूत्रहरूबाट उद्धरण लिनु पर्ने हुन्छ । यसलाई अध्याहार भनिन्छ । यसर्थ सूत्रहरूमा अन्तरालम्बन र अध्याहार पाणिनिय व्याकरणको महत्वपूर्ण विशेषता हो ।

(घ) महेश्वर सूत्र मार्फत - संस्कृत स्वर व्यञ्जन वर्णको क्रमबद्ध वैज्ञानिक प्रस्तुति पाणितिको अर्को महत्वपूर्ण विशेषता हो ।

(ङ) पाणिनिले शब्द र पदलाई छुट्टा छुट्टै माने । उनका अनुसार शब्द 'कच्चा पदार्थ' हो र तिनीहरूको जब प्रयोग हुन्छ तब ती पद हुन पुग्छन् । शब्द पद हुनका लागि तयसमा विभक्ति लाग्नु अनिवार्य हुन्छ । पाणिनिको धारणा छ ।'सुप्तिडन्त पदम्' अर्थात सुबन्त र तिडत नै पद हुन् । त्यसैगरी आधुनिक रुपविज्ञानको शून्य  रुपको कल्पना पाणिनिले गरिसकेका थिए ।

(च) शब्द निर्वाचन सम्बन्धमा पाणिनिले मध्यम मार्ग अपनाएको देखिन्छन् । यास्कले सबै शब्दलार्य धातुज मानेकामा त्यसको सिको गर्दै प्रकृति प्रत्यय नदेखिने शब्दका सिद्धिका लागि एकातिर उणदि प्रत्ययको कल्पना गर्छन भने अर्कातिर अव्युत्पादन प्रातिपादिक पनि मान्छन् ।

(छ) पाणिनीय व्याकरणको अर्को विशेषता हो रुपतत्वको विश्लेषण । उनको रुप दुई किसिमका मानेका छन् । आधार र आधेय । आधार रुप मूल धातु र अव्युत्पन्न प्रातिपदिक हुन्छन् भने आधेय रुप चाहिँ उपसर्ग र प्रत्येक हुन् ।

(ज) पाणिनिले पूर्ववर्ती दृष्टिकोणहरूलाई पनि स्वीकार गर्दै आफ्ना मतको स्थापना गरेका छन् । यसर्थ उनी उदारवादी देखिन्छन् ।

पाणिनीद्वारा रचित अन्य कृतिहरूमा शिवसूत्र, धानुपाठ, प्रत्याहारसूत्र, गणपाठ, गुणदिसूत्र, फिटसूत्र आदि बढी उल्लेखनीय मानिन्छन् । यिनको योगदान संस्कृत व्याकरण परम्परामा मात्र नभई सिङ्गो भाषावैज्ञानिक क्षेत्रमै महत्वपूर्ण मानिन्छन् ।

**कात्यायन** : 'कात्यायन' पाणिनि सम्प्रदायका त्रिमूर्ति मध्ये एक महत्वपूर्ण वैयाकरण हुन् । यिनको समय ई.पू. ४५०-३०० तिरको मानिएको छ । यिनलाई ऐन्द्र सम्प्रदायका उल्लेख्य व्यक्ति मानिन्छ । उनले पाणिनिको अष्टाध्यायीका सूत्रहरूमा संशोधन, परिमार्जन, परिष्कार गर्न वार्तिकहरू लेखका छन् । त्यसैले यिनलार्य 'वार्तिककार' कात्यायन पनि भन्ने गरिन्छ । कतै कतै यिनले पाणिनिका कुराहरूको आलोचना पनि गरेका छन् । जसबाट पाणिनिलाई बुझ्न निकै सहयोग पुगेको देखिन्छ । पाणिनिले संस्कृतका कतिपय शब्दहरूलाई अष्टाध्यायीमा सूत्रहरूले नसमेको कुरा उल्लेख गरेका छन् ।

काम+अन्ध-कामान्ध

तर, शक+अन्धु-शकन्धु

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

पाणिनिको अष्टाध्यायीअनुसार सवर्णमा संहिता हुँदा दीर्घ हुनुपर्‍यो तर शकन्धु शब्दमा दीर्घ भएन । यस किसिमका समस्या समाधान गर्न कात्यायनले १५०० जति वार्तिक लेखेर तत्काल प्रचलित शब्दको सिद्धि गरेका छन् । वर्तिकका अर्थात व्याख्याका अतिरिक्त उनका कात्यायनी शिक्षा तैत्तिरीय प्रतिशाख्य र वाजसनेय प्रातिशख्य आीद कृतिहरू पनि प्रसिद्ध छन् । उनी भाषाको अर्था लोकव्यवहारबाट निष्पन्न हुन्छ लोक व्यवहारबाट नै निश्पतित् अर्थ मुख्य अर्थ हो भन्छन् ।

**पतञ्जति** : पाणिनि सम्प्रदायका अर्को महत्वपूर्ण वैयाकरण पतञ्जलि हुन् । यिनको जन्म ई.पू. तेस्रो शताब्दीदेखि पहिलो शताब्दीका बीचमा (ई.पू. १५० तिर) उत्रर भारतको गोण्डा भन्ने ठाउँमा भएको हो । यिनले पाणिनिका सूत्रहरूको व्याख्या र समर्थन गरेका छन् । त्यस्तै अष्टाध्यायीमाथि कातयायनले उठाएका प्रश्नहरूको जवाफ दिई 'महाभाष्य' नामक ग्रन्थ रचना गरेको पाइन्छ । पतञ्जलि 'महाभाष्य' गन्थमा विशेषता व्याकरणिक विषयलाई दार्शनिक दृष्टिले हेर्नु । व्याकरण जस्तो रुखो विषयलाई अत्यन्तै सरल शैलमिा व्याख्या गर्नु । समर्ग अर्थ बोधका दृष्टिकोणले शब्दलाई चिनाउनु, जसका उच्चारणबाट माल, पुच्छर, सीड, खुर, धुन,आदि अवयव भएको प्रणीको बोध हुन्छ त्यो गाई शब्द हो । शब्दार्थ सम्बनधमा नित्यता, स्फोट दर्शको व्याख्या । शब्दानुशासन वा व्याकरणका प्रयोजनको व्याख्या, वर्णविश्लेषणका सिद्धान्तको स्थापना र शब्दका मानक स्वरुपको निर्धारण आदि ।

मुनित्रयका यिनै व्याकरणहरूबाट संस्कृत भाषाको मानक रुप स्थिर हुनुका साथै एउटा सुस्पष्ट व्याकरण परम्पराको स्थापना भएको छ ।

**उत्तरपाणिनि युग**

त्रिमुनिको समयपछिको युग नै उत्रपाणिनि युग हो । यसमा पाणिनिसँग सम्बन्धित रहेर लेखिएका व्याकरण पर्दछन् । जसले त्रिमुनिको व्याकरण परम्परालाई जीवन्त राख्न महत्वपूर्ण सहयोग पुर्‍याएको पाइन्छ । यस युगका प्रमुख व्याकरणकारहरूमा भर्तृहरि, कैयट, जयादित्य, नागेश, वामन तथा भट्टेजिदीक्षित आदि पर्दछन् । ६५० ई.पू. तिरका मानिने भर्तृहरि यस समयका प्रसिद्ध व्याकरणकार हुन् । उनका वाक्यपदीय र महाभाष्यदीपिका व्याकरण बढी चर्चित छन् । साथै नीतिश्रृङ्गार वैराग्यशतकजस्ता कृति पनि यिनीबाट राखिएको पाइन्छ । उनको वाक्यपदीय व्याकरण वाक्य व्याकरणमा चिन्तन प्रस्तुत ग रिएको पहिलो कृति हो । भर्तृहरिपछि यस युगमा 'कैयट' को नाम लिने गरिन्छ । उनको महाभाष्य प्रदीप लेखेका छन् । कँयट प्रसिद्ध काश्मरी लिइ विभिन्न विद्धानहरूको टीकाग्रन्थ लेखेका छन् । कँयट प्रसिद्ध काश्मरी निदान हुन् । उनी पछिका यस युगका अर्का विद्धान नागेश भट्ट हुन । यी महाराष्ट्रका विद्वान हुन् ।, यिनको समय १७ औ र १८ औँ शताब्दी हो । यिनले महाभाष्य प्रतीपोदघात, लघुशब्देन्दुर शेखर, लघुमञ्जुषा, शब्दन्दुशेखर आदि जस्ता कृतिहरू लेखेका छन् ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

पाणिनि सम्प्रदायका उत्रपाणिनि युगका नवीनता साथ देखा पर्ने व्याकरणकारहरू जयादित्य र वामन हुन् । उनीहरूले पाणिनिको 'अष्टाध्यायी' ग्रन्थमाथि कृति रचना गरेका छन् । समयको अन्तरालसँग पाणिनिको गन्थ क्लिष्ट हुँदै गयो । यसै कुरालाई ध्यान दिई भट्टोदीक्षित रचित कौमुदीका माध्यमबाट गर्ने गरिन्छ । अतः पाणिनि सम्प्रदायका भाषिक चिन्तन तथा व्याकरणको अध्ययनका लागि कौमुदी ग्रन्थहरू महत्वपूण साबित भएका छन् ।

समग्रमा पाणिनि युगका विशेषताहरूमा प्रास्तावित व्याकरणको जन्म, वर्ण सिद्धान्त र न्नतम युग्मको धारणा, संस्कृत भाषाको सम्पूर्ण भौगोलिक तथा सामाजिक विस्तारलाई एउटै व्याकरणमा समेट्नु, ध्वनिप्रक्रिया, रुप रचना, वाक्य रचना, अर्थ पक्ष जस्ता भाषिक संरचनालाई समेटेर व्याकरण निर्माण गर्नु, व्याकरणमा संक्षिप्तता, सूक्ष्मता तथा सुस्पष्टता हुनु अर्को महत्वपूर्ण योगदान हो, उपलब्धि हो । लगभग चार हजार सूत्रमा भाषाका प्रायः सबै स्तरका व्यवस्थालाई विश्लेषण गर्नु, सम्पूर्ण भाषिक अध्ययनको क्रमलाई अघि बढाउन सहयोग पुऱ्याउनु, लोकिक र वैदिक संस्कृतको तुलनात्मक अध्ययनमा सहयोग पुऱ्याउनु, लौकिक र वैदिक संस्कृतको तुलनात्मक अध्ययनमा सहयोग पुऱ्याउनु, लोक प्रचलित भाषामा जोड दिनु, जसबाट आधुनिक भाषावैज्ञानिक मान्यता पनि अन्तर्निहित रहेको पुष्टि हुन्छ । शब्द र अर्थको निकट सम्बन्धमा जोड दिनु पनि अर्को महत्वपूर्ण योगदान हो, यस युगले व्याकरण दार्शनिक पक्ष र ध्वनि सिद्धान्तको स्थापना, संस्कृत भाषाका शब्द तथा अर्थ पक्षको स्वरुप निर्धारण, ध्वनिविज्ञान, निर्वचन व्याकरण तथा दर्शनशास्त्रको एकत्र समन्वय कायम गऱ्यो शब्दको नित्याता तथा अनित्यताको विशद विवेचन प्रस्तुत, यस युगले ध्वनि विज्ञान, पदविज्ञान तथा अर्थविज्ञानको गूढ सिद्धान्त स्पष्ट पऱ्यो संस्कृत भाषालाई अब्बल व्याकरण दिनु, आधुनिक भाषाविज्ञानमा समेत योगदान दिनु रहेका छन् ।

**वैदिक र लौकिक भाषिक चिन्तनको तुलना**

वैदिक युग पूर्ण रुपमा धार्मिक हुनुका साथै यसले सबै ब्रम्हाण्ड तत्वहरूको बीउ समावेश गर्दछछ भने लौकिक युग मुख्यतया धर्म निरपेक्ष तथा लोक संसारसँग सम्बन्धित छ । वैदिक युग भाषाको सर्वाङ्ग व्याख्या केन्द्रित रहेको थियो भने लौकिक युग भाषाको संरचनामा केन्द्रित भएको पाइन्छ । वैदिक संस्कृत युगको भाषाको उत्पत्ति, प्रकार, वाणीको सर्वोकृष्टता, अक्षर, पद लगायत व्याकरणको विषयमा समेत चिन्तन मनन भएको पाइन्छ । वैदिक भाषाको निर्वचन, शब्दार्थ सम्बन्ध, व्युत्पत्ति, अर्थ आदिका बारेमा वैदिक युगमा चिन्तन भयो । भाषाको विविध तरिकाले व्याख्या विश्लेषण गरियो । दैवी वाणीका रुपमा वाक्लाई लिइयो । यस्तै मानव भाषाको बारेमा पनि त्यो युगमा चिन्तन भएको पाइन्छ । व्यवाहरका लागि मानवले भाषा स्वतः प्राप्त गरेको हो न कि विकासवादी मान्यता अनुसार भाषाको क्रमिक विकास भएको होस् । भाषाको उत्पत्ति सम्बन्धी यो मान्यताले पश्चिमा आधुनिक भाषाविज्ञानले लगाएको भाषिक

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

उत्पत्ति सिद्धान्तमाथि लगाएको प्रतिबन्धलाई कच्चा र केटाकेटीपनका रुपमा चित्रण गरेको छ । वैदिक भाषामा लखिएको समस्त बाङ्मयलाई वैदिक र तद्भिन्न त्यस समयमा विकसित भएको लोक भाषालाई लौकिक भाषा भनिन्छ । वैदिक धातुको रुपमा लकारको प्रयोग हुन्थ्यो भने लौकिकमा प्रयोग हुदैन्थ्यो । वैदिकमा उपसर्गको स्वतन्त्र प्रयोग भएको पाईन्छ भने लौकिकमा उपसर्गको प्रयोग भएको पाईदैन । वैदिकमा लृ स्वरको प्रयोग प्रचलित थियो भने लौकिकमा थिएन ।

वेदाङ्गहरूले भाषाको उच्चारण, शब्द व्युत्पत्ति, छन्दोबद्धता आदिका बारेमा चिन्तन मनन गरेको पाइन्छ । साथसाथै मानवमा भाषाको आविष्कार पूर्वीय देन भएको कुरा वैदिक युगमा गरिएको पाइन्छ । वैदिक युगजस्तो समृद्ध परम्परा लौकिक युगमा कायम रहन सकेन । लौकिक युग भाषाको संरचनापक्षमा बढी केन्द्रित भएको देखिन्छ । यसयुगमा त्रिमुनिको सर्वोच्चता रह्यो । पाणिनिको 'अष्टाध्यायी' निकै प्रसिद्ध रचना मानिन्छ । उनकै रचनामा आधारित रहेर कात्यायनले वार्तिकहरू रचना गरे भने पतञ्जलिले महाभाष्य रचनाको रचना गरे । यिनै त्रिमुनिका रचनामा आधारित रहेर उत्तरपाणिनि युगमा विभिन्न व्याकरण ग्रन्थहरू रचना गरिए । परवर्ती संस्कृत भाषिक परम्परा पाणिनीय व्याकरण ग्रन्थमै आधारित भएर अगाडि बढेको छ ।

वैदिक युग भाषाको सर्वाङ्ग व्याख्या केन्द्रित रहेको थियो भने लौकिक युग भाषाको संरचनामा केन्द्रित भएको पाइन्छ । सारमा यही भिन्नता नै वैदिक र लौकिक वाङ्मयमा पाइन्छ । पूर्वीय परम्परालाई हेर्दा यसको नेतृत्व प्राचीन ऋषिमुनिहरूले गरेको पाइन्छ ।वैदिक संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक, प्रातिशाख्य, शिक्षा आदिलाई परम्परागत भाषिक सामाग्री मान्निछ । त्यस्ता ग्रन्थहरू उच्चारणसंग बढी सम्बन्धित छन् । निरुक्त, निघण्टु आदि त्यस बेलाका कोशीय सामग्री हुन् । पूर्वीय भाषिक चिन्तनका दृष्टिले पाणिनिलाई मुख्य मानिन्छ वेदलाई संसारकै सर्वप्राचीन र विशाल आकारको रचना मानिन्छ । पूर्वीय परम्परामा मूलतः वैदिक र लौकिक संस्कृतमा भाषिक चिन्तन भएको पाइन्छ । वैदिक संस्कृतमा दर्शनको स्फोटवाद र योग शास्त्रीय चिन्तनका सन्द । वैदिक परम्परा भाषाको समग्र पक्षमा केन्द्रित भएको देखिन्छ ।वैदिक कालपछि लौकिक परम्परा सुरु भयो । लौकिक परम्परामा भाषाका संरचना अर्थात व्याकरणमा बढी केन्द्रित भएको पाइन्छ । लौकिक परम्परामा सबैभन्दा प्रसिद्ध भनेको पाणिनिको 'अष्टाध्यायी' नै हो । यसमा वार्तिक र भाष्यहरू लेखिए । यिनमै आधारित भएर उत्तरपाणिनि युगमा विभिन्न व्याकरण ग्रन्थहरूको रचना भयो । त्यही परम्पराले नै प्राकत र अपभ्रंश भाषामा समेत प्रभाव पारेको पाइन्छ । यसरी भाषिक चिन्तन परम्परामा लौकिक युग अलि विकसित र समृद्ध भए तापनि वैदिक युग स्तरीयताका दृष्टिले उत्कृष्ट रहेको छ । तसर्थ वैदिक र लौकिक भाषिक चिन्तनको प्रभाव आधुनिक समयसम्म पनि उच्च रहेको देखिन्छ । अन्त्यमा बैदिक र लौकिक वाङ्मयका भाषिक चिन्तनमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

सँस्कृत भाषाको उत्पत्ति र बिकासका भाषालाई विस्तार गर्ने कुरामा यिनीहरूको भूमिका अहम् रहेको पाइन्छ ।

**निष्कर्ष**

भाषाको प्रयोग र अस्तित्व मानव समाजको विकाससँगै जोडिए पनि यस विषयमा चिन्तन मनन धेरै वर्षपछि भएको देखिन्छ । वैदिक युग र लौकिक युगका वाङ्मयमा भाषका बारेमा गहन चिन्तन विश्लेषण भएको पाइन्छ । त्यस वेलामा यी भाषिक बाङ्मयले  भाषालाई जिवित राखी त्यसैमा टेकेर भाषालाई यहाँसम्मा पर्‍याएको पाईन्छ । पूर्वीय सभ्यताको जननी भारतवर्षको प्राचीन भाषा नै 'संस्कृत' हो । अन्य शास्त्र तथा विज्ञान जस्तै पूर्वमा भाषाको अध्ययन पनि प्राचीन वैदिक ग्रन्थहरूमा नै फेला पार्न सकिन्छ र पछि मात्र लौकिक संस्कृतमा भाषिक चिन्तनको क्रम सुरु भएको पाइन्छ । वैदिक वा शास्त्रीय भाषिक चिन्तन भन्नाले चार वेद, वेदाङ्ग, ब्राम्हण ग्रन्थ, आख्यक, प्रतिशाख्य, शिक्षा अर्थात् वेद र यसका भाषिक व्याख्यासँग सम्बन्धित वाङ्मय भन्ने हो । पाणिनि पूर्वका युगमा भएका भाषिक चिन्तनलाई यस सन्दर्भमा वैदिक वा शास्त्रीय संस्कृतका भाषिक चिन्तन भनेर बुझ्नु उपयुक्त हुन्छ । पूर्वमा ज्ञान र सभ्यताको स्रोत वेद हो । चार ओटा वेदहरू ऋग्वेद, यजुर्वेद, सामवेद र अर्थावेद मध्ये ऋग्वेद सबैभन्दा प्राचीन मानिन्छ । ऋग्वेदका विभिन्न मन्त्रहरूमा भाषा सम्बनधी चिन्तन पाइन्छ । त्यस्तै वेदाङ्ग भनिएका ज्ञानका छवटा शाखाको विकास भएको देखिन्छ । शिक्षा, कल्प, निरुक्त, ज्योतिष, छन्द र वयकरण । यी मध्ये शिक्षा, निरुक्त, छन्द र व्याकरणमा मात्र भाषिक चिन्तन पाइन्छ । प्रतिशाख्य र शिक्षा ग्रन्थ वस्तुतः ध्वनि विज्ञान नै हुन् । यही वैदिक संस्कृतका अन्तिम समयतिर चर्चित भाषा चिन्तक यास्क देखा पर्दछ । उनले भाषिक कृतिहरू निघण्टु र निरुक्त लेखको बुझिन्छ । यी दुवै कृतिमा वैदिक शब्दहरू सङ्कलित छन्, निघण्टु शब्दकोश हो, हाल यास्कको निरुक्त मात्र उपलब्ध छ । यसरी संस्कृत परम्परामा वैदिक र शास्त्रीय भाषिक चिन्तन निकै व्यापक अनि सुदीर्घ रहेको कुरा स्पष्ट देख्न सकिन्छ ।

पाणिनि सम्प्रदायको केन्द्रीयतामा सिङ्गो संस्कृति व्याकरण परम्परालाई पूर्वपाणिनि युग, पाणिनि युग र उत्तर पाणिनी युग गरी जम्मा ती भागमा विभाजन गरी अध्ययन गर्ने गरिएको पाइन्छ । पूर्व पाणिनी युग भन्नाले वैदिक वा शास्त्रीय चिन्तन तथा यास्कसम्मको युग भन्ने बुझिन्छ । यस समयावधिमा वैदिक भाष्षा जीवित र सम्प्रदाय आउँछ । देवताहरूले स्वर्गका राजा इन्द्रलाई शब्दका अर्थहरूको बोध सहज रुपमा गराउने व्यवस्था मिलाउन आग्रह गरे । त्यसै अनुसार इन्द्रले प्रकृति र प्रत्ययको विभाजन गरी शब्दोपदेशको प्रक्रिया सुरु गरेपश्चात् व्याकरण परम्परा अगाडि बढेको भन्ने कुरा संस्कृत व्याकरणले स्वीकारेको पाइन्छ । पाणिनिको 'अष्टाध्यायी' मा पाणिनिभन्दा पूर्वका दश व्याकरणकारहरूको उल्लेख छ । जसमा आपिशालि, कश्यप, गार्ग्य, गलव, चाक्रवर्मण, भारद्वाज,

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

शाकटायन, शाकल्य, सेनक र स्फोटायन पर्दछन् । वैयाकरण 'पाणिनि' पाणिनि सम्प्रदायका सबैभन्दा ठूला साथै विश्वकै पनि सबैभन्दा ठूला व्याकरणकार हुन् उनी यस युगका प्रवर्तक हुन । त्रिमुनि युग पाणिनि, कात्यायन र पतञ्जलि) लाई नै पाणिनि युग भनिन्छ । पाणिनि सम्प्रदायका अर्को महत्वपूर्ण वैयाकरण पतञ्जलि हुन् । यिनको जन्म ई.पू. तेस्रो शताब्दीदेखि पहिलो शताब्दीका बीचमा (ई.पू. १५० तिर) उत्रर भारतको गोण्डा भन्ने ठाउँमा भएको हो । यिनले पाणिनिका सूत्रहरूको व्याख्या र समर्थन गरेका छन् । त्यस्तै अष्टाध्यायीमाथि कातयायनले उठाएका प्रश्नहरूको जवाफ दिई 'महाभाष्य' नामक ग्रन्थ रचना गरेको पाइन्छ । पाणिनि सम्प्रदायका भाषिक चिन्तन तथा व्याकरणको अध्ययनका लागि कौमुदी ग्रन्थहरू महत्वपूण साबित भएका छन् ।

## सन्दर्भ सूची

आचार्य, व्रतराज (२०७२), *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद (२०६९), *पूर्वीय भाषिक चिन्तन परम्परा,* काठमाडौँ : कन्काई एजुकेशनल पब्लिकेशन एण्ड रिर्सच सेन्टर प्रा.लि.।

न्यौपाने, महेश्वर र दिनेश, घिमिरे (२०७०), *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

प्रपन्नाचार्य, स्वामी (२०६०) *वेदमा के छ ?,* काठमाडौँ : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौँ : एकता बुक्स ।

भण्डारी, पारसमणि (२०७५), *पाठ्यकम दिग्दर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्य दर्शन एक चिनारी,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०७५), *अनुसन्धान विधि,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

शर्मा, गोपीकृष्ण (२०६३), *संस्कृत साहित्यको रुपरेखा,* काठमाडौँ : अभिनव प्रकाशन ।

श्रेष्ठ, दयाराम र अन्य (२०६५), संस्कृत साहित्यको इतिहास, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।